१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस ऐनको नाम औद्योगिक व्यवसाय (संशोधन) ऐन, २०१८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल एनको दफा २ मा संशोधनः— मूल एनको दफा २ को खण्ड (क) को देहाय (३) पछि निम्नलिखित देहाय (४) थपी साबिकको देहाय (४) लाई देहाय (५) गरी मिलाइएको छ —

(४) नगद किरायमा भोजन वा अरू किसिमको सेवाको प्रबन्ध भै वा नभै बसोबासको सुविधा दिने गरी चलाइएको होटेल व्यवसाय, वा

३. मूल ऐनको दफा ९ पछि दफा १० थने :— मूल ऐनको दफा ९ पछि निम्नलिखित दफा १० थपिएको छ —

"१० बचाउः— नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) अनुसार यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

गते रोज शुभम्

इति सम्बत् २०१८ साल

लालमोहर सदर मितिः— २०१८।७।३०।४.

आज्ञाले—

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव,

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।